आज मिति २०८०/०८/२४ गते अपरान्ह ४:०० बजे धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री गोपाल हमाल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री गोपाल हमाल | नगर प्रमुख | |
| २) | श्री कन्दकला कुमारी राना | नगर उप- प्रमुख | |
| ३) | श्री सन्तोष मुडभरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ४) | श्री धर्मराज ओझा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ५) | श्री राज वहादुर ऐर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ६) | श्री बुद्धी वहादुर खड्का | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ७) | श्री गजेन्द्र शाही | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ८) | श्री भागीराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ९) | श्री मोती राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १०) | श्री जुगराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ११) | श्री प्रेम वहादुर भण्डारी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १२) | श्री शिव कुमार राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १३) | श्री रुप वहादुर कुँवर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १४) | श्री शेर वहादुर महरा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १५। | श्री विजय राज जोशी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १६। | श्री मान बहादुर विष्ट | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १७। | श्री सुखदेव रानाथारु | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १८। | श्री रामलाल चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १९। | श्री माधव राज राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २०। | श्री भुवन रिजाल | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २१। | श्री बाँधुराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २२। | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २३। | श्री माया कुमारी भण्डारी (साउद) | कार्यपालिका सदस्य | |
| २४। | श्री निशा कुमारी आउजी | कार्यपालिका सदस्य | |
| २५ | श्री बिन्दु तामाङ्ग | कार्यपालिका सदस्य | |
| २६। | श्री सुस्मा चौधरी | कार्यपालिका सदस्य | |
| २७। | श्री अनिल कुमार | कार्यपालिका सदस्य | |
| २८। | श्री चक्र बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| २९। | श्री महादेव सुनार | कार्यपालिका सदस्य | |
| ३०। | श्री रामलाल श्रेष्ठ | प्र.प्र.अ. सचिव | |

निर्णय नं. १:

यस धनगढी उपमहानगरपालिका क्षेत्र भित्र भएर बग्ने खुटीया, शिवगंगा र मोहना नदी/खोला को प्रारम्भिक वातावरणीय परिक्षण (IEE) ले तोकेको घाटगद्दी स्थलहरू (खुटीया, धनचौरी, पथरी, दोभान, मसानघाट/ बैयाबेहडी) बाट आ.व. २०८०।०८१ को बाँकी अवधिका लागि नदीजन्य पदार्थ संकलन उत्खनन गरे बापतको रोयल्टी (बिक्रिकर) संकलन गर्ने कार्यका लागि मु.अ.कर सहित रू. ४,२३,१७,५३५।०५ (अक्षरूपी चार करोड तेईस लाख सत्र हजार पाँच सय पैंतिस रूपैंया पैसा पाँच मात्र ।) मिति २०८०।५।१३ गते प्रथम पटक, मिति २०८०।६।१५ गते दोश्रो पटक र मिति २०८०।७।१६ गते तेश्रो पटक विद्युतीय बोलपत्र सूचना आव्हान गरिएकोमा बोलपत्र बढाबढमा कुनै फर्म/कम्पनीबाट सहभागीता नजनाएकोले आजका मिति २०८०।८।१२ गते सम्म कार्यालय र अमानतबाट उठेको परिमाण गरि जम्मा ३०४७३ घन मि. र नयाँ प्रकाशित हुने सूचना देखि कार्यादेश सम्मको अवधि समयलाई गणना गर्दा हुन आउने ४२ दिनमा कार्यालयबाट र अमानतबाट उठाउने परिमाण २९३५८ घन मि. गरि कुल ५९८३१ घन मि. परिमाण कुल उत्खनन परिमाण १७६६४६।९२ घन मि. बाट घटाउँदा हुन आउने परिमाण ११६८१५।९२ घन मि. को धनगढी उप-महानगरपालिकाको आर्थिक ऐन, २०८० को दफा १६ सँग सम्बन्धित अनुसूची १४ को दररेट अनुसार हुन आउने कुल रकम भ्याट बाहेक रू २,४७,६४,९७४।७८ लाई न्युनतम रकम कायम गरी सार्वजनिक खरिद ऐन २०६३ को दफा १४ को उपदफा ४(क) बमोजिम बढाबढ गर्न ७ दिने विद्युतीय बोलपत्र आह्वानको सूचना प्रकाशित गर्न राजश्व परामर्श समितिबाट सिफारिस भई आएकोले सोही अनुसार गर्ने निर्णय गरियो ।

निर्णय नं. २:

यस धनगढी उप-महानगरपालिकाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) ले तोकेको घाटगद्दी स्थलहरू (खुटीया, धनचौरी, पथरी, दोभान, मसानघाट/ बैयाबेहडी) बाट आ.व. २०८०।०८१ को बाँकी अवधिका लागि नदीजन्य पदार्थ संकलन उत्खनन गरे वापतको रोयल्टी (बिक्रीकर) संकलन गर्ने कार्यका लागि मु.अ.कर सहित रू. ४,२३,१७,५३५।०५ (अक्षरूपी चार करोड तेईस लाख सत्र हजार पाँच सय पैंतिस रूपैया पैसा पाँच मात्र) मिति २०८०।५।१३ गते प्रथम पटक, मिति २०८०।६।१५ गते दोश्रो पटक र मिति २०८०।७।१६ गते तेश्रो पटक विद्युतीय बोलपत्र सूचना आव्हान गरिएकोमा बोलपत्र बढाबढमा कुनै फर्म/कम्पनीबाट सहभागीता नजनाएकोले धनगढी उप-महानगरपालिकाको आर्थिक ऐन, २०८० को दफा १६ सँग सम्बन्धित अनुसूची १४ को दररेट अनुसार हुन आउने १,१६,८१५।९२ घन मि. परिमाणको हुने कुल रकम भ्याट बाहेक रू. २,४७,६४,९७४।७८ लाई न्युनतम रकम कायम गरी सार्वजनिक खरिद ऐन २०६३ को दफा १४ को उपदफा ४(क) बमोजिम बढाबढ गर्न मिति २०८०।८।१८ गतेको स्वीकृत टिप्पणी आदेशानुसार चौथो पटक प्रकाशित भएको विद्युतीय बोलपत्र आव्हानको सूचनालाई अनुमोदन गरियो ।

निर्णय नं. ३:

धनगढी नगरलाई सफा, सुन्दर, आकर्षक र फोहरमैला मुक्त बनाउन स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६१ अनुसार प्रचलित कानुन बमोजिम निषेधित जिवजन्तु बाहेकका अन्य मृत वा मारिएका जिवजन्तुको हाड, सिंग, प्वाख, छालाको व्यवसायिक उपयोग गरे बापत सेवाग्राहीले उल्लेखित सामानहरू निकासीका लागि माग गरेमा सो को परिमाण खोली धनगढी उप-महानगरपालिकाको आर्थिक ऐन, २०८० मा उल्लेख भए अनुसारको दररेटमा नगदी रसिद काटी बाहिर लैजान अनुमति दिन राजश्व परामर्श समितिबाट सिफारिस भई आएकोले सोही अनुसार गर्ने निर्णय गरियो ।

निर्णय नं. ४:

धनगढी उप-महानगरपालिकाको मिति २०८०/०५/२४ गतेको कार्यपालिका बैठकको निर्णयबाट गठित **"भूमि क्षेत्र निर्धारण सम्बन्धी अध्ययन कार्यदल"** को भूमिको तहगत क्षेत्र निर्धारणको निर्णयका लागि मिति २०८०/०८/०६ गते बसेको बैठकबाट विभिन्न विषयहरुलाई आधारमानी भूमिहीन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन प्रयोजनको लागि RUDP को अध्ययन प्रतिवेदनलाई आधारमानी वडा नं १५, १६ र १७ को सम्पूर्ण भू-भागलाई उप-महानगरपालिकाको ग्रामीण क्षेत्र निर्धारण गर्न नगर कार्यपालिकालाई सिफारिस भई आएकोले सोही कार्यदलको सिफारिस अनुसार वडा नं १५, १६ र १७ लाई ग्रामीण क्षेत्र तोक्ने निर्णय गरियो।

निर्णय नं. ५:

धनगढी उप-महानगरपालिका नगर कार्यपालिका तथा वडा कार्यालयमा रहेका गत विगत वर्षका आ.व.२०७९/०८० मा जिन्सी निरीक्षणमा लिलाम गर्नुपर्ने भनी उल्लेख गरेका सामानहरुको यस कार्यालयको मिति २०८०/०७/२२ गते मुल्याङ्कन समिति को बैठकले उल्लेखित सामानहरुको न्युनतम मुल्य भ्याट सहित रु.१,९१,३९५/- कायम गरेको र सो न्युनतम रकम लाई यस कार्यालयले मिति २०८०/०७/२३ मा सदर गरी प्रचलित कानुन अनुसार शिलबन्दी बढाबढ बोलपत्र सुचना प्रकाशित गर्ने निर्णय अनुसार यस कार्यालयले मिति २०८०/०८/०१ गते लिलाम गर्नुपर्ने सामानहरुको बोलपत्र (बढाबढ) को सुचना प्रकाशित गरेको र सो बोलपत्र (बढाबढ) अनुसार यस कार्यालयमा १२ वटा फर्म तथा व्याक्तिले सो प्रक्रियामा समावेश भएका र यस कार्यालयको मुल्याङ्कन समितिको मिति २०८०/०८/११ गतेको बैठकबाट दरभाउपत्र पेश गर्ने श्री **राजेन्द्र प्रसाद देवकोटा / सोनु राज ट्रेडर्स एण्ड सप्लायर्स धनगढी, कैलाली** ले भ्याट सहित रकम रु.५,१९,८००/- (पाँच लाख उन्नाईस हजार आठ सय मात्र ।) पेश गरेको र यस कार्यालयको न्यनतम दररेट भन्दा ३,२८,४०५/- बढी रकम कबोल गरेको श्री **राजेन्द्र प्रसाद देवकोटा/ सोनु राज ट्रेडर्स एण्ड सप्लायर्स धनगढी,कैलाली** लाई स्वीकृतका लागी सिफारिस गर्ने निर्णय अनुसार यस कार्यालयका लिलाम गर्नुपर्ने सामानहरु श्री श्री **राजेन्द्र प्रसाद देवकोटा/ सोनु राज ट्रेडर्स एण्ड सप्लायर्स धनगढी,कैलाली** को बोलपत्र स्वीकृत गर्ने, उल्लेखित सामानहरुको न्यूनतम मूल्यलाई अनुमोदन गर्ने र साथै उक्त सामानहरु यस कार्यालयको जिन्सी खाता म.ले.प.४०७ र ४०८ बाट खर्च देखाउने निर्णय गरियो।

निर्णय नं. ६:

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालयले आ.व. ०७६/०७७ मा कोभिड-१९ मा मिति २०७७/०१/११ सार्वजनिक सुचना अनुसार यस कार्यालयको खरिद कार्यदेश मिति २०७७/०१/१५,१९,२१,२३ र २५ खरिद गरेका चामलको परिणाम जम्मा ३३०७४० के.जी. मध्ये २१९२० के.जी (प्रति के.जी. रु.४४ का दरले जम्मा रु.९,६४,४८०/-) चामल यस कार्यालयमा मौज्दात रहेको र उक्त चामलको यस कार्यालयले मिति २०८०/०८/०४ मा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय धनगढी, कैलालीलाई गुणस्तर चेक जाँच गर्न पठाएको र उक्त कार्यालयले मिति २०८०/०८/०५ मा उक्त चामलको गुणस्तर चेक जाँच गरी आफ्नो प्रतिवेदन यस कार्यालयमा पठाएको र उक्त प्रतिवेदनमा (प्राप्त नमुना खुल्ला चामल विश्लेषण गरिएका पारामिटरको आधारमा नेपाल सरकारले चामलको लागी तोकिएको अनिवार्य गुणस्तर मापदण्ड अनुरुप नपरेको पाईयो) भन्ने प्रतिवेदन यस कार्यालयमा प्राप्त भएको हुँदा उक्त चामल भण्डारण गर्दा झन दुर्गन्ध फैलिने र कार्यालयलाई कोठाको अभाव समेत रहने हुँदा उक्त चामल लाई नष्ट गरी यस कार्यालयको जिन्सी खाता म.ले.प. ४०७ बाट खर्च देखाउने निर्यण गरियो।

**निर्णय नं. ७:**

आर्थिक बर्ष २०८० /२०८१ मा सडक बोर्ड नेपालले रु.१,६५, ००,०००/०० सडक मर्मतका कार्यका लागी यस उप-महानगरपालिकाका लागी विनियोजन गरेको हुँदा यस उप-महानगरपालिकाले म्याचिंग स्वरूप थप गर्नु पर्ने ३० प्रतिशत हुन आउने रकम सहित थप गरि वडा कार्यालयहरु बाट माग भै आएका सडकहरुको अध्यन गरी **वार्षिक सडक मर्मत योजना (ANNUAL ROAD MAINTENANCE PLAN)** तयार गरी प्राविधिकरुपमा पहिलो प्राथमिकतामा परेका तत्काल मर्मत गर्नु पर्ने सडकहरुको **वार्षिक कार्यक्रम** तयार गरि सडक बोर्डमा सहमतिका लागी पठाईसकिएको हुँदा **वार्षिक सडक मर्मत योजना (ANNUAL ROAD MAINTENANCE PLAN)** र तपसिलका सडकको **वार्षिक कार्यक्रम** आजको कार्यपालिका बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो।

**तपसिल :**

| क्रम संख्या | सडकको नाम : | जम्मा लम्बाई (कि.मि.) | सडकको चौडाई( मिटर ) | मर्मत गर्नुपर्ने लम्बाई ( कि.मि.) | लागत |
|---|---|---|---|---|---|
| १ | त्रिवेणी चौक पश्चिम मोहना खोला सडक ( D048 ) र सरस्वति मार्ग ( O021 ) | १.६३ | १०र६ | १.६३ | ३०८७९३१.५ |
| २ | बसपार्क सडक ( O0344 ) दक्षिण कलिमार्ग " ख" (O390 ) | ०.९३ | ६.०० | ०.९३ | २३०५०१६.२३ |
| ३ | बोराडाडी कैलाली गाउँ सडक ( B006 ) राष्ट्रिय जनता मा.वि. विजयनगर सडक (C019 ) | २.२७ | १४.०० | २.०० | ५२२४६१४.४७ |
| ४ | बुढी नन्दा मार्ग ( D070 ) हनुमान मन्दिर डी गाउँ हुदै सी गाउँ जोड्ने सडक | १.२६ | १०.०० | १.१० | २०३४२५९.२५ |
| ५ | बंगारा मार्ग ( A 00 1 ), भगवती मार्ग ( CO53 ), धनगगढी रिंग रोड ( A002 ) | ५.९७ | १४.०० | ५.०० | ६४३४४२६.९३ |
| ६ | फुलवारी रिंगरोड ( A009) फुलवारी गाउँ मार्ग (O1254 ) | ६.०३ | ३०र६ | ३. | ४४८५१८०.६८ |
| जम्मा | | १८.०९ | | १३.६६ | २३५७१४२९.१ |

**निर्णय नं. ८:**

वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र कार्यालयको मिति २०८०/०८/०८ गतेको प्रकाशित सूचना अनुसार हरित जलवायु कोष अन्तर्गत खाना पकाउने स्वच्छ उर्जा कार्यक्रम विद्युतीय चुलो जडानका लागि यस धनगढी उप-महानगरपालिकामा अत्याधिक मात्रामा माग भई आएकोले आ.व. २०८०/०८१ को वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको कार्यक्रम अनुसार २३ प्रतिशत उपभोक्ताबाट, १९ प्रतिशत स्थानीय तहबाट व्योहर्ने गरी ३००० थप विधुतीय चुलो माग गर्ने र सोका लागि आवश्यक रकम रु. ३४,२०,०००/०० समपूरक कोषबाट खर्च गर्ने निर्णय गरियो।

निर्णय नं. ९:

आ.व. २०८० /०८१ मा विविध कारणबस परिवर्तन / संशोधन एवं एकीकरणको लागि वडा कार्यालय /महाशाखा तथा शाखाबाट सिफारिस भई आएका तपशिल बमोजिमका योजनाहरुलाई लेखा सुत्र प्रणालीसँग भिडान हुने गरी परिमार्जित गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

| क्र.स.. | आ.व. २०८०/०८१ छनोट भएका योजनाहरु | सम्वन्धित शाखाबाट योजना परिवर्तनको माग भइ सिफारिस आएका योजनाहरु | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | पेज नं. १६६,सि.नं.२१ , ब.ख.शि.नं. ३११५९, धनगढी-१५, सिमल टोल जाने हुमपाईप कल्भर्ट निर्माण रु. ३,००,०००।- | धनगढी-१५, सिमल टोल जाने हुमपाईप वरिपरी पर्खाल निर्माण गर्ने कार्य रु. ३,००,०००।- | ३,००,००० ।- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं. ६२७, मिति २०८०/०७/१६ ) को सिफारिस पत्र आएको। |
| २ | पेज नं. १४१,सि.नं.०८ , ब.ख.शि.नं. ३११५९, धनगढी-०६ को कार्यालयमा (माटो भरान, साईकल स्टेसन निर्माण, पोखरीमा सुरक्षा वाल, बोटबिरुवा रोप्ने आदि) रु. १४,०५,०००।- | धनगढी-०६, वडा कार्यालय कम्पाउण्ड भित्र माटोभरान तथा ब्लक लगाउने कार्य रु. ६,००,०००।-<br>धनगढी-०६, वडा कार्यालय कम्पाउण्ड भित्र पार्किंग सेड निर्माण कार्य रु. २,००,०००।-<br>धनगढी-०६, वडा कार्यालय कम्पाउण्ड भित्रको पोखरी सुरक्षा वाल निर्माण कार्य रु. ३,००,०००।-<br>धनगढी-०६, वडा कार्यालय कम्पाउण्ड भित्र बोटबिरुवा लगाउने कार्य रु.१,००,०००।-<br>धनगढी-०६, वडा कार्यालय कम्पाउण्ड भित्र रुख कटानी कार्य रु. १,००,०००।-<br>धनगढी-०६, वडा कार्यालयलाई आवश्यक फर्निचर खरिद रु. १,०५,०००।- | १४,०५,००० ।- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं. ९१४, मिति २०८०/०७/१६ ) को सिफारिस पत्र आएको। |
| ३ | पेज नं. १४१,सि.नं.११ , ब.ख.शि.नं. ३११५९, धनगढी-०६, विद्युतीय ट्रान्सफरम तथा विद्युत पोल खरिद रु.२०,००,०००।- मध्येबाट रु.८,३१,०००।- | धनगढी-०६, विद्युतीय ट्रान्सफरम तथा विद्युत पोल खरिद रु.२०,००,०००।- मध्येबाट पेज नं. १४१,सि.नं.१० , ब.ख.शि.नं. ३११५९, धनगढी-०६, ग्राभेल सडक निर्माण बापत इन्धन रोयल्टी ज्याला शिर्षकमा थप रु. ५,००,०००।- (६,००,०००।- र थप ५,००,०००।- गरि जम्मा रु.११,००,०००।-)<br>पेज नं. ११४, सि.नं. ११ को रकम मध्येबाट धनगढी-६,सडक बत्ति (स्मार्ट लाइट ) जडान कार्यका लागि रु. १,००,०००।-<br>पेज नं. ११४, सि.नं. ११ को रकम मध्येबाट धनगढी-६, वडा कार्यालयका लागि सवारी साधन मोटर साइकल खरिद रु. २,३१,०००।- | ८,३१,००० ।- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं.९१४, मिति २०८०/०७/१६ ) को सिफारिस पत्र आएको। |

| | | | | |
|---|---|---|---|---|
| ४ | पेज नं. १४३,सि.नं.१५ , ब.ख.शि.नं. ३११५१, धनगढी-०७, पटेला देखि देवहरिया सडकमा माटो भरान रु.७,००,०००।-<br>पेज नं. १४३,सि.नं.१६, ब.ख.शि.नं. ३११५१, धनगढी-०७,चन्द्रकिरण रानाको घर जाने सडकमा पानी पिच देवहरिया रु.४,००,०००।-<br>पेज नं. १४३,सि.नं.१३ , ब.ख.शि.नं. ३११५१, धनगढी-०७,मनेहरा प्रेम रानाको घर देखि प्रकाश खड्काको घर सम्म कालोपत्रे क्रमागत रु. १०,००,०००।-<br>पेज नं. १४३,सि.नं.१४ , ब.ख.शि.नं. ३११५१, धनगढी-०७,वेली मिलन सडक कालोपत्रे गर्ने कार्य क्रमागत रु. ४,००,०००।- | धनगढी-७ का विभिन्न सडकमा ग्राभेल गर्न इन्धन तथा रोयल्टीका लागि रु. २५,००,०००।- | २५,००,०००।- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं.१०२८, मिति २०८०/०७/१३) को सिफारिस पत्र आएको। |
| ५ | पेज नं. १४४,सि.नं.२१, ब.ख.शि.नं. ३११५१, धनगढी-०७, सबै योगा गर्नका लागि मनेहरा सामुदायिक कार्यालय भवनको माथि भवन निर्माण रु.५,००,०००।-मध्येबाट रु.३,५०,०००।- | धनगढी वडा नं.७ का विभिन्न सडकमा ग्रेडर लगाई सम्याउने कार्यका लागि रु. १,५०,०००।-<br>धनगढी-७ का विभिन्न सडकमा भएका खाल्टा खुल्टी पुर्ने कार्य मसं प्रयोग गरि गर्न रु. २,००,०००।- | ३,५०,०००।- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं.१०२८, मिति २०८०/०७/१३) को सिफारिस पत्र आएको। |
| ६ | पेज नं. १७२,सि.नं.३,४,७ , पेज नं. १७३, सि.नं. १० र पेज नं. १७४, सि.नं. १९,२१,२२ को जम्मा रकम रु.७,५०,०००।- | धनगढी वडा नं. १८ का विभिन्न ठाउँमा ग्राभेल गर्ने कार्य रु. ७,५०,०००।- | ७,५०,०००।- | योजना परिवर्तन/संशोधन गर्ने व्यहोरा मिति २०८० /०६/२४ को वडा कार्यालयको बैठकको निर्णय प्रतिलिपी अनुसार |
| ७ | पेज नं.१३५,सि.नं.०३, ब.ख.शि.नं.२२५२२, धनगढी-०४, सिलाईकटाई तथा दुना टपरी तालिम संचालन (आदिवासी, जनजाती,दलित महिलाहरुलाई) रु.३,००,०००।- मध्ये रु.१,८२,०००।- | आ.व. २०७९/०८० का लागि सि.नं. २६०, ब.ख.शि.नं.२२५२२, अनुसार कर्मचारी जनप्रतिनिधि अध्ययन अवलोकन भ्रमणको अपुग रकम रु. १,८२,०००।- भुक्तानी गर्ने। | १,८२,०००।- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं.९४९, मिति २०८०/०७/२२) को सिफारिस पत्र आएको। |
| ८ | पेज नं.१२४,सि.नं.०१, ब.ख.शि.नं.२२५२२, जुनोटिक रोग तथा ए.एस.आर.सम्बन्धि अभिमुखीकरण कार्यक्रम रु. ५,००,०००।- | गाई गोरुहरुमा टयागिंङ कार्यक्रम रु. ५,००,००० ।- | ५,००,०००।- | मिति २०८०/०८/१० गतेको टिप्पणी आदेशानुसार। |
| ९ | पेज नं.१६३,सि.नं.१४, ब.ख.शि.नं.२७२१२, धनगढी उप-महानगरपालिका वडा नं.१४, विपत व्यवस्थापन रु. २,९९०००।- | धनगढी-१४, फुलवारी सी गाउँमा छाडा चौपायाहरूको नियन्त्रण तथा व्यवस्थापन गर्ने कार्यका लागि कांटे तार खरिद र जडान एवं कान्जिहाउस निर्माण गर्ने कार्य रु. २२,०५०।-<br>धनगढी-१४को वडा कार्यालयको परिसरमा सवारी पार्किंग सेड र वडा कार्यालयको साईन बोर्ड व्यवस्थापन गर्ने कार्यका लागि श्री सी.जे. निर्माण सेवा धनगढी-१८,कैलालीलाई भुक्तानी हुन बाँकी रहेको रु. ६७९९३।- भुक्तानी गर्ने। धनगढी -१४, फुलवारी सी गाउँ, रामजानकी टोलमा छाडा | २,९९,०००।- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं.७८१, मिति २०८०/०६/२९) को सिफारिस पत्र आएको। |

| | | | | |
|---|---|---|---|---|
| | | चौपायाहरुको नियन्त्रण तथा व्यवस्थापन गर्ने कार्यमा ग्राभेलमा भुक्तानी रु.३८,०००।- धनगढी-१४, फुलवारी बी गाउँ, घांगल टोलमा छाडा चौपायाहरुको नियन्त्रण तथा व्यवस्थापन गर्ने कार्यमा ग्राभेलमा भुक्तानी गर्ने रु.८०७५०।- धनगढी-१४, पछी विविन्न भैपरी शिर्षकमा भुक्तानी गर्ने कार्य रु.९१,००७।- | | |
| १० | पेज नं. १५०,सि.नं.०२,ब.ख.शि.नं.२२५१२, धनगढी-१०, पोषण सम्बन्धि जनचेतना कार्यक्रम रु.५०,०००।- | धनगढी-१०को वडा कार्यालयको लागि प्रिन्टर खरिद रु.५०,०००।- | ५०,०००।- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं.३२८, मिति २०८०/०८/०६) को सिफारिस पत्र आएको। |
| ११ | पेज नं. १५०,सि.नं.०३,ब.ख.शि.नं.२२५२२, धनगढी-१०,होलि मिलन कार्यक्रम रु.५०,०००।- पेज नं. १५०,सि.नं.०५,ब.ख.शि.नं.२२५२२, धनगढी-१०, विभिन्न सिपविकास तालिम रु.१,५०,०००।- | धनगढी-१०, वडा कार्यालयको लागि ल्यापटप र प्रोजेक्टर खरिद रु. २,००,०००।- | २,००,०००।- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं.३२८, मिति २०८०/०८/०६) को सिफारिस पत्र आएको। |
| १२ | पेजनं.१५०,सि.नं.०४,०८,११, पेज नं.१५१, सि.नं.१४,१५,१६,१७,१८, २० को जम्मा रकम रु १५,४०,०००।- | धनगढी-१०, वडाका विभिन्न सडक ग्राभेल गर्न रोयल्टी, इन्धन तथा अन्यकार्यका लागि रु.१५,४०,०००।- | १५,४०,०००।- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं.३२८, मिति २०८०/०८/०६) को सिफारिस पत्र आएको। |
| १३ | पेज नं. १६५,सि.नं.१४,ब.ख.शि.नं.३११५१, धनगढी-१५, उर्मा गाउँ भित्रका विभिन्न सडक ग्राभेल गर्ने काम रु.८,००,०००।- पेज नं. १६६, सि.नं.१६, ब.ख.शि.नं.३११५१, धनगढी-१५, सडक ग्राभेल गर्ने काम (इन्धन,रोयल्टी ) रु.२,००,०००।- गरि जम्म रु.१०,००,०००।- | वडा नं.१५ का बिभिन्न सडकहरुमा ग्राभेल गर्ने कार्य रु.१०,००,०००।- | १०,००,०००।- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं.७०८, मिति २०८०/०८/१०) को सिफारिस पत्र आएको। |
| १४ | पेजनं.१४३,सि.नं.१३,१४,१५,१६, पेज नं.२१, सि.नं.२१ को जम्मा रकम रु ३०,००,०००।- | धनगढी-०७का विभिन्न सडकमा ग्राभेल गर्न इन्धन तथा रोयल्टिका लागि रु.३०,००,०००।- | ३०,००,००० | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं.१२७६, मिति २०८०/०८/१०) को सिफारिस पत्र आएको। |
| १५ | पेज नं. १४४,सि.नं.२१,ब.ख.शि.नं.३११५१, धनगढी-७, सबैले योगा गर्नका लागि मनेहरा सामुदायिक कार्यालय भवनको माथि भवन निर्माण रु.५,००,०००।- | धनगढी-०७ को वडा कार्यालयका विभिन्न सडकमा ग्रेडर लगाई सम्याउने तथा अन्य कार्यका लागि रु.३,००,०००।- धनगढी-७ का विभिन्न सडकमा भएका खाल्टा खुल्टी पुर्ने कार्य (मसिन प्रयोग गरि ) रु.२,००,०००।- | ५,००,०००।- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं.१२७६, मिति २०८०/०८/१०) को सिफारिस पत्र आएको। |

| | | | | |
|---|---|---|---|---|
| १६ | पेज नं. १२६,सि.नं.२,ब.ख.शि.नं.२२५२२, धनगढी-१, एकल महिला, महिला, दलित, मुस्लिम तथा अपांगता भएका व्यक्तिहरुलाई सहायता सामग्री र उद्धमशील तालिम रु.४,००,०००/- मध्ये रु. २,००,०००/- पेज नं.१२७, सि.नं. ७, ब.ख.शि.नं. २५३१४,धनगढी-१, धर्म संस्कृति संरक्षण सम्वर्धन कार्यक्रम रु. ३,००,०००/- मध्ये रु.१,००,०००/- पेज नं.१२७, सि.नं. १०, ब.ख.शि.नं. ३११३१,धनगढी-१,कृषि विऊ विजन वितरण,गोठ सुधार अनुदान तथा यान्त्रिकरण खरिद रु.४,००,०००/- मध्ये रु.२,००,०००/- पेज नं. १२८, सि.नं.२०, ब.ख.शि.नं.३११५९, धनगढी-१, नाली मर्मत वडा भित्र रु. २,००,०००/- मध्ये रु.१,००,०००/- पेज नं. १२७, सि.नं.१२, ब.ख.शि.नं.३११५१, धनगढी -१, वडास्तरीय विभिन्न सडकहरुमा ग्राभेल र इन्धन खर्च रु.१०,००,०००/- जम्मा रु.१६,००,०००/- | धनगढी-१, वडा स्तरीय बिभिन्न सडकहरुमा ग्राभेल र इन्धन खर्च रु.१६,००,०००/- | १६,००,०००/- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं.१३०२, मिति २०८०/०८/१०) को सिफारिस पत्र आएको। |
| १७ | पेज नं. १६३,सि.नं.२२,ब.ख.शि.नं.३११५१, धनगढी-१४, ह्युम पाईप तथा विद्युत पोल खरिद रु.११,००,०००/- मध्ये रु.६,००,०००/- | धनगढी-१४को वडा कार्यालय भित्रका ग्राभेल सडकहरुमा (रोयल्टी, इन्धन) निर्माणमा रु ६,००,०००/- थप हुने | ६,००,०००/- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं.११११, मिति २०८०/०८/१३) को सिफारिस पत्र आएको। |
| १८ | पेज नं.१०७, सि.नं.३१,ब.ख.शि.नं. २२४१२, सुचना प्रणाली तथा सफ्टवयर संचालन खर्च रु.२०,००,०००/- | ल्यापटप तथा अन्य उपकरण खरिद रु.१०,००,०००/- नेटवर्किंग उपकरण खरिद रु.८,००,०००/- सूचना प्रणाली तथा सफ्टवयर संचालन रु.२,००,०००/- | २०,००,०००/- | मिति २०८०/०८/२० गतेको दर्ता नं.४००६ अनुसार। |

निर्णय नं. १०

यस धनगढी उप-महानगरपालिकाको विभिन्न वडाहरुमा सञ्चालन हुने तपसिल बमोजिमका योजनाहरु भैपरी विकास शिर्षकबाट खर्च हुने गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

तपसिलः

- धनगढी उप-महानगरपालिका वडा नं.१४ को च.नं. १००७, मिति २०८०/ ०८ / ०५ गतेको पत्रानुसार धनगढी-१४, सी गाउँमा रहेको थारु मरुवा (देउथान) को छानाको लागि प्राविधिक लागत अनुमान अनुसार रु.२,००,०००/-
- धनगढी उप-महानगरपालिका वडा नं.५, तारानगर, आशुतोष शिव मन्दिरको पूर्वाधार विकास तथा प्रवेश द्वार घेरवार निर्माण कार्यको लागि मिति २०८०/०७/२२ गतेको टिप्पणी आदेश अनुसार लागत अनुमान रु. ९,२६,८३०/- रहेको र १० प्रतिशत उपभोक्ता समितिबाट गर्ने गरि यस कार्यालयबाट ८,३४,१४७/- (अक्षेरुपी आठ लाख चौतिस हजार एक सय सतचालिस मात्र।)

- धनगढी उप-महानगरपालिका वडा नं. ५, तारानगर, गौरी महेश्वर मन्दिरको लागि शौचालय निर्माण कार्य लागत सहभागितामा गर्ने भएकाले यस कार्यालयको प्राविधिक लागत अनुमान अनुसार रु. १२,००,८९१|-
- धनगढी उप-महानगरपालिका वडा नं. १, सीमा सुरक्षा बलको कार्यालयमा गोल घर निर्माण कार्यका लागि यस कार्यालयको प्राविधिक लागत अनुमान अनुसार रु. ५,११,८९३|-
- धनगढी उप-महानगरपालिका वडा नं. २ को वडा कार्यालय भवनको सेफ्टी टंकी तथा Partition गर्ने कार्यका लागी रु.१३,५४,१३३|-
- धनगढी उप-महानगरपालिका वडा नं. ४, स्वास्थ्य केन्द्र भवन तारबार तथा गेट मर्मत कार्य रु. १,००,०००|–
- धनगढी उप-महानगरपालिका वडा नं. १४, एच गाउँ दोर्जे टासी छोलिङ गुम्बाको अधुरो कार्यका लागि रु. १३,१७,०००|–
- छ लेन सडकमा रहेका डिभाईडर हटाउने कार्य- रु.१०,००,०००|००
- कार्यालय परिसरमा ब्लक लगाउने कार्य- रु. २१,००,०००|००
- धनगढी -१३ सनातन हिन्दु धर्म शिक्षा समिति परिसरमा पुस्तकालय निर्माण गर्ने कार्य- रु. १०,००,०००|००
- धनगढी- ०५ सत्कार चोक नाली निर्माण- रु. ३,७७,०००|००
- धनगढी-१३ छ लेन सडक अन्तर्गत ध. उ. म. न. पा. सिमानामा स्वागत गेट निर्माण गर्ने कार्य- रु.४०,००,०००|-
- धनगढी उप- महानगरपालिका परिसरमा कालोपत्रे गर्ने कार्य- रु. १२,८७,०००|००
- धनगढी १६- १७ जोड्ने शिवगङ्गा नदीमा अस्थाई बाटो निर्माण गर्ने कार्य रु. २,३०,०००|००

**निर्णय नं. ११:**

यस धनगढी उप-महानगरपालिका अन्तर्गत आ.व. ०८०/०८१ मा तपसिल बमोजिमका योजना संचालन गर्न आवश्यक भएको हुँदा कार्य गर्न खरिद प्रक्रिया अगाडी बढाईएको हुँदा भुक्तानी गर्नका निम्न उल्लेखित आवश्यक रकम निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्च शिर्षकबाट रकमान्तरण निर्णय गरियो।

१. वडा न. १ कार्यालय परिसरमा पर्खाल लगाउने कार्य- रु. ३,१५,०००|-

२. ध. उ. म. न. पा. कार्यालय परिसरमा रंगरोगन गर्ने कार्य- रु. २,६५,०००|–

**निर्णय नं. १२:**

यस धनगढी उप-महानगरपालिका, नगर कार्यपालिका कार्यालय अन्तर्गत आ.व. ०८०/०८१ मा संचालन गर्नका लागी तपसिल बमोजिमका योजनाको खरिद प्रक्रिया स्वीकृत गरि कार्य अगाडी बढाईएको हुँदा उक्त योजनाहरु को स्वीकृत भएको लागत अनुमान तथा खरिद प्रक्रिया अनुमोदन गर्ने निर्णय गरियो।

| क्र. स. | योजनाको नाम | स्वीकृत लागत अनुमान | कैफियत |
|---|---|---|---|
| १ | धनगढी उप-महानगरपालिका परिसरमा कालोपत्रे गर्ने कार्य | रु. १२,८६,१३९/६३ | |
| २ | जनप्रिय मा. बि. वडा न. १९ मा फर्निचर निर्माण गर्ने कार्य | रु. ११,०७,६३०/५२ | |
| ३ | धनगढी-१३ छ लेन सडक अन्तर्गत ध. उ. म. न. पा. सिमानामा स्वागत गेट निर्माण गर्ने कार्य | रु. २५,२७,८२३/०१ | |
| ४ | श्री मालपोत कार्यालय धनगढी कैलालीमा सोलार सहितको इन्भर्टर जडान गर्ने कार्य | रु. ९,८२,४९५/२० | |

**निर्णय नं.१३:**

धनगढी उप-महानगरपालिका अन्तर्गत आ.व. २०७९/०८० मा सम्झौता भई निर्माण सम्पन्न भएकामा तपसिल बमोजिमका योजनाहरुको भुक्तानी गर्न बाँकी रहेकोमा उक्त योजनाहरुको भुक्तानी गर्नका लागी २०८०/०५/३१ गतेको कार्यपालिका बैठकबाट निर्णय भएका निम्न उल्लेखित आवश्यक रकम भैपरी आउने पुँजीगत शिर्षकबाट रकमान्तरण निर्णय गरियो।

| सि.न. | ठेक्का न. | विवरण | भुक्तानी बाँकी रकम |
|---|---|---|---|
| १ | 15/DSMC/2078/079 | Construction of Side Drain Works and Various Structure at Ward No. 01 DSMC (Postal Office to District Police Office) | २२,६०,०००/०० |
| २ | 20/DSMC/2078/079 | Construction of Blacktop Road with Side Drain Slab Works, Purano Baalbihani to Khutiya Road Ward No.5 | १५,४७,०००/०० |
| ३ | 33/DSMC/2079/080 | Construction of Blacktop Road (Campus Chowk to Chelibeti Chautara) at Ward No. 18 DSMC | ५,५१,०००/०० |
| ४ | 34/DSMC/2079/080 | Construction of Gravel Road with Side Drain Works (Provincal Health Lab to Chhatyal House) at Ward No. 05 DSMC | १,५९,०००/०० |
| ५ | 35/DSMC/2079/080 | Construction of Blacktop Roads (Beli Milan Sadak Road and Manehara Putu Rana House Road) at Ward No. 07 DSMC | १,७६,५०० |
| ६ | 37/DSMC/2079/080 | Construction of Blacktop Roads (Nawadurga Tole Ring Road to Hark Chaudhary House, Pragati Tole and Badyan Tole) at Ward No. 06 and 11 DSMC | १०,६५,०००/०० |
| ७ | 55/DSMC/2079/080 | Gravelling Works at Various Roads of Ward No. 01 DSMC | ४,५८,०००/०० |

| सि.न. | ठेक्का न. | विवरण | भुक्तानी बाँकी रकम |
|---|---|---|---|
| ८ | | लक्ष्मी पोल्ट्री फर्म नजिकको सडक निर्माण प्रचण्ड बमको ) घरदेखि पुर्व उत्तर पूर्ण राज जोशीको घर सम्म अधुरो पक्की नाली निर्माण गर्ने काम( | ५,०१,०००/०० |
| | | जम्मा भुक्तानी गर्नुपर्ने रकम | ६७,१७,५००/०० |

निर्णय नं. १४:

धनगढी उप-महानगरपालिका स्वास्थ्य संस्था दर्ता, नविकरण, स्तरोन्नती तथा सेवा थप सम्बन्धी कार्यविधि,२०७७ को अनुसूची-१ अनुसारको अनुगमन समितिको २०८०/०५/२७ को बैठकबाट १५ शैय्या क्षमताको अस्पताल सञ्चालन अनुमतिका लागि सिफारिस र २०८०/०५/२७ गतेको नगरपालिकाबाट श्री स्वस्तिक कार्डियो एण्ड मल्टिस्पेसियालिटी अस्पताल प्रा.लि. लाई प्रदान गरिएको इजाजतको निर्णय अनुमोदन गरियो।

निर्णय नं. १५:

धनगढी उप-महानगरपालिका वडा नं. १४ मा रहेको जेष्ठ नागरिक भवनको भुक्तानी भएको बक्यौता विद्युत महसुल रकम रु. १,५८,७७३।६५ अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. १६:

धनगढी उप-महानगरपालिका र निजी अस्पतालहरु बीच असहाय, बेवारिसे बिरामीहरुलाई निजी अस्पतालहरुमा निःशुल्क उपचार सेवा उपलब्ध गराउने सम्बन्धमा मिति २०८०/०८/१२ गते भएको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. १७:

आ.व २०८०/८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नेपाल सरकार श्रोतबाट सञ्चालन हुने कामका लागि पारिश्रमिकमा आधारित तपसिल बमोजिमका सामुदायिक आयोजनाहरु स्वीकृत गर्ने निर्णय गरियो।

तपसिल:

| वडा नं | आयोजनाहरुको नाम | वडा कार्यालयबाट विनियोजित बजेट | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|
| २ | साझेदारीमा बैयाबेहेडी सुनैना धामीको घर देखी पश्चिम टेकराज पाण्डेको घर सम्म दोहोरो पक्कीनाली निर्माण | ८०००००.०० | २०००००.०० | |
| ५ | साझेदारीमा लोक बहादुर देउवाको घर देखि दक्षिण दुर्गा भण्डारीको घर सम्म सडक नाली निर्माण | ५५००००.०० | ११००००.०० | |
| ६ | वडा नं ६ कच्ची सडक विस्तार तथा मर्मत सम्भार (जाली, कृष्णटोल) | - | २७००००.०० | |
| ७ | साझेदारीमा वडा नं ७ मा योगा भवन निर्माण | ५०००००.०० | १२५०००.०० | |

| वडा नं | आयोजनाहरुको नाम | वडा कार्यालयबाट विनियोजित बजेट | अनुमानित लागत | कैफियत |
| --- | --- | --- | --- | --- |
| ८ | साझेदारीमा ओमकार चौधरीको घर देखि नर बहादुर धामी को घर सम्म दोहोरो नाली निर्माण | ५०००००.०० | १२५०००.०० | |
| ९ | वडा नं ९ चन्द्रमुखी ताल देखि पुर्व जाने सडक बिस्तार | - | ४०००००.०० | |
| ११ | वडा नं ११ जडिबुटी उधान ट्र्याक खोल्ने कार्य (दुजैया ताल भित्र) | - | २१००००.०० | |
| १५ | वडा नं १५ अतिक्रमण गरेको कुलो खोल्ने कार्य | - | ६५९०००.०० | |
| १६ | साझेदारीमा माहादेव कुलोमा वाल निमार्ण कार्य | २०००००.०० | ५००००.०० | |
| | साझेदारीमा कोद्राहान टोलको बाटोमा पर्खाल निर्माण गर्ने काम | २०००००.०० | ५००००.०० | |
| | साझेदारीमा ब्युशाह सामुदायिक भवनमा शौचालय निर्माण | १५००००.०० | ३७५००.०० | |
| | साझेदारीमा ब्युशाह शिव नगर टोलमा वाल निर्माण | २५००००.०० | ६२५००.०० | |
| | साझेदारीमा जगन्नाथिया भुइयाहर भादाको अधुरो पर्खाल निर्माण | २०००००.०० | ५००००.०० | |
| १८ | साझेदारीमा आश्रित उधानमा विभिन्न संरचना निर्माण | ५०००००.०० | १२५०००.०० | |
| | साझेदारीमा गौमती उधानमा विभिन्न संरचना निर्माण | ५०००००.०० | १२५०००.०० | |
| १९ | साझेदारीमा फुलबारी अधुरो सामुदायिक भवन निर्माण | ३०००००.०० | ७५०००.०० | |
| | जम्मा (क) | | २६७४०००.०० | |

**निर्णय नं. १८:**

नगर शिक्षा ऐन धनगढी (पहिलो संशोधन सहित), २०७४ को दफा २१ को उपदफा (१) खण्ड (घ) बमोजिम देहायका विद्यालयमा देहायका व्यक्तिहरुलाई मनोनित गर्ने निर्णय गरियो ।

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | मनोनित सदस्यको नामावली |
| --- | --- | --- |
| १ | त्रिनगर माध्यमिक विद्यालय, धनगढी-०१, कैलाली | श्री सुरेन्द्र चन्द र श्री विमला कुमारी देवल(जैरु) |

**निर्णय नं. १९:**

यस धनगढी उप-महानगरपालिकामा शहरी विकासलाई व्यवस्थित बनाउन हालसम्म लागु गरिएको भवन निर्माण तथा नक्सापास मापदण्ड २०७४ लाई समयानुकुल संसोधन गर्न बाञ्छानीय भएकाले स्थानीय सरकार संचालन ऐनको दफा २७, ४३ र ४४ ले दिएको अधिकार प्रयोग गरि नयाँ संसोधित शहरी योजना तथा भवन निर्माण मापदण्ड -२०८० स्वीकृत गर्ने निर्णय गरि स्थानीय राजपत्रमा प्रकाशित गरि लागु गर्ने निर्णय गरियो।

**निर्णय नं. २०:**

यस धनगढी उप-महानगरपालिकाले मिति २०७९/०९/१७ मा विज्ञापन नं. ०१/०७९/०८०, खोपकार्यकर्ता सामुदायिक र विज्ञापन नं. ०२/०७९/०८०, औलोकर्मी पदका लागि दरखास्त आव्हान गरेकोमा उक्त पदहरुको पदपूर्ति हुन नसकेको र दरखास्त आव्हानकर्ताहरुले पदपूर्तिको प्रक्रिया अगाडी बढ्न नसकेको हुँदा परीक्षा दस्तुर बापत दाखिला गरेको रकम फिर्ता पाउँ भनि निवेदन पेश गरेको हुँदा निजहरुको परीक्षा दस्तुर रकम फिर्ता गर्ने निर्णय गरियो।

**निर्णय नं. २१:**

यस धनगढी उप-महानगरपालिकाद्वारा विभिन्न मितिमा प्रकाशित विज्ञापन अनुसार योग्यताक्रमको आधारमा छनौट भै तपसिल बमोजिम पदपूर्ति समितिद्वारा गरिएको सिफारिस र सोही अनुसार भएको नियुक्ती अनुमोदन गर्ने निर्णय गरियो।

| क्रसं.. | बिज्ञापन नं. | पदपूर्ति समितिको सिफारिस मिति | पद | पदपूर्ति संख्या |
|---|---|---|---|---|
| १. | ०१ (.शा.प्र)०८१/०८०/ | २०८०।१०/०६/ | नगर प्रहरी निरीक्षक | १ (एक) जना |
| २. | ०२(.शा.प्र) ०८१/०८०/ | २०८०।१०/०६/ | नगर प्रहरी नायब निरीक्षक | २ ( दुई) जना |
| ३. | ०३(.शा.प्र) ०८१/०८०/ | २०८०।१३/०६/ | नगर प्रहरी हवल्दार | ६ (छ) जना |
| ४. | ०४(.शा.प्र) ०८१/०८०/ | २०८०।१३/०६/ | नगर प्रहरी ( जवान) | ६(छ) जना |
| ५. | ०५ (.शा.प्र) ०८१/०८०/ | २०८० ।१५/०८/ | पशु चिकित्सक | १ (एक) जना |
| ६. | ०६ (.शा.प्र) ०८१/०८०/ | २०८०।२०/०८/ | सेफ हाउस म्यानेजर | १ (एक) जना |
| ७. | ०७ (.शा.प्र) ०८१/०८०/ | २०८०।१९/०८/ | नगर प्रहरी सहायक निरीक्षक | २ ( दुई) जना |
| ८. | ०१ (कृषि)०८१/०८०/ | २०८०।१७/०५/ | कृषि अधिकृत | १ (एक) जना |

**निर्णय नं. २२:**

जग्गा विकास कार्यक्रम सम्बन्धी पेश भएको प्रस्तावमा यस धनगढी उप-महानगरपालिका क्षेत्र भित्र विभिन्न व्यक्तिहरु तथा संस्थाहरुले जग्गा प्लटीङ्ग गरि बेचबिखन गर्ने कार्य गरिरहेकाले अव्यवस्थित शहरीकरण बढ्दै गईरहेको हुँदा शहरीकरणलाई व्यवस्थित गर्नका लागि त्यस्ता प्लटीङ्ग कार्यलाई व्यवस्थित गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा ५ को खण्ड क को अधीनमा रही न्युनतम मापदण्ड सहित जग्गा प्लटीङ्ग गर्न वृहत छलफल गरी **धनगढी उप-महानगरपालिकाको जग्गा प्लटीङ्ग सम्बन्धी कार्यविधि,** २०८० स्वीकृत गर्ने निर्णय गरियो।

आजको बैठक अन्त गरियो।